आज मिति २०८२ माघ २५ गते आइतबारका दिन दुहवी नगरपालिकाका नगर प्रमुख श्री वेदनारायण गच्छदारज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा तपसिलका विषयहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितीः

| सि.नं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | वेद नारायण गच्छदार | नगर प्रमुख | |
| २ | मेनुका पोखरेल खतिवडा | नगर उप-प्रमुख | |
| ३ | मो.अजुल हुसैन | वडा अध्यक्ष | |
| ४ | अरविन्द कुमार विश्वास | वडा अध्यक्ष | |
| ५ | माधव बहादुर भण्डारी | वडा अध्यक्ष | |
| ६ | मो.मस्तकी मिया | वडा अध्यक्ष | |
| ७ | रमेश रौनियार | वडा अध्यक्ष | |
| ८ | घनश्याम हलुवाई | वडा अध्यक्ष | |
| ९ | विजय चौधरी | वडा अध्यक्ष | |
| १० | तारिकचन्द सरदार | वडा अध्यक्ष | |
| ११ | मेहदी हुसेन | वडा अध्यक्ष | |
| १२ | तुलाराम माझी | वडा अध्यक्ष | |
| १३ | खड्गनारायण उराव | वडा अध्यक्ष | |
| १४ | रामचन्द्र चौधरी | वडा अध्यक्ष | |
| १५ | ललिता चौधरी | कार्यपालिका सदस्य | |
| १६ | बबिता देवी थरूनी | कार्यपालिका सदस्य | |
| १७ | सरिता कुमारी रिषिदेव | कार्यपालिका सदस्य | |
| १८ | ललिता सादा हरिजन | कार्यपालिका सदस्य | |
| १९ | मिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | जयब्रत सरकार | कार्यपालिका सदस्य | |
| २१ | ध्रमेन्द्र रिषिदेव | कार्यपालिका सदस्य | |
| २२ | सरिता मुसहर्नी | कार्यपालिका सदस्य | |
| २३ | सुवर्ण घिमिरे | प्र.प्र.अ. | |
| २४ | देवनन्दन खटवे | का.वा. [illegible]-६ | |
| २५ | शिवनारायण चौधरी | का.म. | |

आज मिति २०८२ माघ २५ गते आइतवारका दिन दुहवी नगरपालिकाको नगर प्रमुख वेदनारायण गच्छदारज्यूको अध्यक्षतामा बसेको कार्यपालिका वैठकमा तपसिल बमोजिमको प्रस्तावहरु पारित गर्ने निर्णय गरियो ।

<u>प्रस्तावहरुः</u>

प्रस्ताव नं. १ - समपुरक अनुदान तथा विशेष अनुदान सम्वन्धमा ।
प्रस्ताव नं. २ - स्तरवृद्दि सम्वन्धमा ।
प्रस्ताव नं. ३ - विविध ।

निर्णयहरुः

निर्णय नं. १ - (क) प्रस्ताव नं १ माथि छलफल गर्दा यस दुहवी नगरपालिकाको वडा नं. ७, ९, १० , ११ र १२ को वडाहरु जोड्ने अधुरो नहरको सडकवाटो कालोपत्रे गर्ने कार्य सम्पन्न भइसकेको हुँदा आ.व. २०८३/८४ को लागि राष्ट्रिय योजना आयोगमा थप अनुदान माग नगर्ने निर्णय गरियो ।

(ख) प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०८३/८४ को लागि संघीय सरकार राष्ट्रिय योजना आयोगवाट तपसिल अनुसारका योजनामा समपुरक अनुदान र विशेष अनुदान माग गर्ने र समपुरक अनुदान रकमको ६० प्रतिशत लागत साझेदारी नगरपालिकाले नै व्यहोर्ने निर्णय गरियो ।

तपसिलः

समपुरक अनुदानः

१. दुहवी न.पा. वडा नं. ३ स्थीत पेट्रोल पम्पदेखि उत्तर वडा नं. ९ जाने वाटो कालोपत्रे गर्ने कार्य(जेसिस मार्ग)-२ करोड
२. दुहवी न.पा. वडा नं. ८ स्थित कदम चौकदेखि बटेमारा वनरझुल्लाको पुलसम्म कालोपत्रे गर्ने कार्य - २ करोड
३. दुहवी न.पा. वडा नं. १२ स्थित हुलाकी सडकदेखि वडा नं. ११ हुदै वडा नं. ११ को वडा कार्यालय जोड्ने सडक कालोपत्रे गर्ने कार्य - २ करोड
४. दुहवी न.पा. वडा नं. १२ स्थित कृषि सडकदेखि बुगडहरी हुदै वर्जु गा.पा.सम्म जोड्ने सडक कालोपत्रे गर्ने कार्य - २ करोड
५. दुहवी न.पा. वडा नं. १२ स्थित सितापुर घाटदेखि वडा नं. १२ को वडा कार्यालय जाने वाटोसम्म कालोपत्रे गर्ने कार्य - २ करोड
६. दुहवी न.पा. वडा नं. ५ पशुपति विस्कुट फ्याक्ट्रीको पश्चिम प्रास्टोकी र वडा नं. ७ हुदै वडा नं. ११ जोड्ने सडक कालोपत्रे गर्ने कार्य - २ करोड
७. दुहवी न.पा वडा नं.३ स्थित फुटानी चौक देखि पुर्व वसन्तपुर हुदै गणेश मन्दिर टोल सम्मको वाटो कालोपत्रे गर्ने कार्य-२ करोड

विशेष अनुदानः

१. दुहवी न.पा. को झाङड, मुसहर समुदाय रहेको वडा नं. ११ र १२ मा कृषि समुहको लागि डिप ट्युबेल सिचाई यान्त्रिक सिचाई गर्ने कार्य - ३ करोड

२. दुहवी नगरपालिकाको विपन्न दलित (झाङड, मुसहर, खत्वे, डोम, मुस्लिम) वर्गको मातृ तथा बालबालिकाको कुपोषण तथा पुनर्स्थापना तथा प्रवर्द्धन कार्यक्रम - २ करोड

निर्णय नं. २ - प्रस्ताव नं २ माथि छलफल गर्दा दुहवी नगरपालिकामा कार्यरत तपसिलका स्थायी कार्यालय सहयोगी लगायतका कर्मचारीहरुको स्तरवृद्धि गरी सेवा प्रवाह सहजीकरण गर्न कार्यालयलाई स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

क) का.स. बसन्त कुमार उरावँ- का.स. तृतीय

ख) अमरलाल थारु - का.स. द्वितिय

ग) संगिता विश्वकर्मा -सि.अ.न.मि पाँचौ

निर्णय नं. २ - विविध

निर्णय नं. क - प्रस्ताव नं क माथि छलफल गर्दा यस दुहबी न.पा को विभिन्न वडाहरुमा भू-उपयोग ऐन २०७६ तथा नियमवाली २०८० अनुसार यस दुहबी न.पा बाट पारित भएको भू-उपयोग क्षेत्र वर्गीकरण २०८० अनुसार प्राविधिक त्रुटी भई आवाशीय परियोजनमा रहेको जग्गा तथा पुराना बनेका घरहरु वा त्यस्तै भौगोलिक अवस्था, परिवेश भएको जग्गाहरु औधिगिक वर्गीकरण रहेकोमा सम्बन्धित वडा कार्यालयको सर्जमिन तथा सिफारिसको आधारमा त्यस्ता त्रुटी भएका जग्गाहरु लाई सो बमोजिम आवशीय बर्गिकरणमा परिणत गरि दिने र त्यस बाहेकको हकमा स्थानीय भू-उपयोग परिषद्ले हुने गरि राख्ने निर्णय गरियो ।